# सुइता सिटी बहुसांस्कृतिक वान स्टप परामर्श केन्द्र

## गर्भवती महिलाहरूको लागि सहयोग लाभहरू

妊婦のための支援給付金について

【विषयवस्तु】

प्रसूति र बच्चा पालन-पोषणको योजना एकसाथ बनाउनका लागि,मिडवाइफ वा अन्य विशेषज्ञहरूसँग गरिने परामर्शसँगै, गर्भवती महिलाहरूलाई सहयोग लाभहरू प्रदान गरिन्छ।

※ यो सहयोग 2025 अप्रिल1 (रेइवा 7) पछि आवेदन दिनेहरूका लागि लागू हुन्छ।

■ भुक्तानी प्राप्त गर्ने योग्य व्यक्तिहरू

सुइता सिटीमा बसोबास दर्ता भएका, तलका कुनै एक शर्त पूरा गर्ने व्यक्तिहरू

(1) गर्भवती महिलाहरू जसले गर्भावस्थाको सूचना पेश गरेका छन् (जसको बच्चाको मुटुको धड्कन डाक्टरले पुष्टि गरेको छ)

(2) बच्चा जन्माएकाहरू (बहु-जन्म/जुम्ल्याहा आदि भएको अवस्थामा, प्रत्येक बच्चाको लागि 5 मान येन भुक्तानी गरिनेछ)

※ गर्भपतन वा मृत शिशु जन्मभएका व्यक्तिहरू पनि योग्य छन्।

■ भुक्तानी रकम

(1) प्रत्येक गर्भावस्थाका लागि 5 मान येन

(2) प्रति जन्म 5 मान येन (बहु-जन्म/जुम्ल्याहा भएमा प्रत्येक शिशुका लागि 5 मान येन)

■ आवेदन गर्ने तरीका

मिडवाइफ वा अन्य विशेषज्ञहरूसँग परामर्श पछि, आवेदनका लागि QR कोड प्राप्त गर्नुहुनेछ।

त्यसपछि, अनलाइन आवेदन प्रणालीमा पहुँच गरी खाता विवरण लगायत आवश्यक जानकारी भर्नुहोस्।

आवेदन दिएको महिनाको दुई महिनापछि रकम तपाईंको खातामा स्थानान्तरण गरिनेछ।

※ QR कोड प्राप्त गरेपछि, करिब 1 महिनाभित्र आवेदन दिनुहोस्।

※ गर्भपतन वा मृत शिशु जन्म भएका व्यक्तिहरू पनि आवेदन गर्न सक्नुहुन्छ।

■होमपेज

https://www.city.suita.osaka.jp/kosodate/1018205/1018206/1037662.html

■ सोधपुछ

बाल विभाग (Jido-bu)- सुस्वस्थ अभिभावक र बाल कक्ष (Sukoyaka Oyako Shitsu)

ठेगाना: सुइता सिटी , डेगुचि-चो 19-2 (स्वास्थ्य केन्द्र, तेस्रो तल्ला) 19-2 Deguchi-cho, Suita City (Health Center, 3rd floor)

फोन (मातृ तथा बाल स्वास्थ्य/परामर्श विभाग) : 06-6339-1214・06-6339-1215

यदि तपाई सँग कुनै प्रश्नहरू छन् भने, कृपया सुइता सिटी बहुसांस्कृतिक वन-स्टप परामर्श केन्द्रमा सम्पर्क गर्नुहोस्।